२१ औं

वार्षिक प्रतिवेदन

२०७८/०७९

स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.

Swabalamban Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको)

सञ्चालक समिति

डा. सुमित्रा मानन्धर गुरुङ
अध्यक्ष
प्रतिनिधिः स्वावलम्बन विकास केन्द्र/व्यक्तिगत संस्थागत शेयरधनी

श्री विष्णु प्रसाद त्रिपाठी
संचालक
प्रतिनिधिः सर्वसाधारण सेयरधनी

श्री सतिश राज जोशी
संचालक
प्रतिनिधिः हिमालयन बैंक लि.

श्री राम प्रसाद पाण्डे
संचालक
प्रतिनिधिः सर्वसाधारण सेयरधनी

श्री उमा जोशी बोहरा
संचालक
प्रतिनिधिः स्वतन्त्र

श्री सतिस कुमार श्रेष्ठ
संचालक
प्रतिनिधिः स्वावलम्बन विकास केन्द्र

श्री मेख बहादुर थापा ठाडा
संचालक
प्रतिनिधिः नेपाल इन्भेष्टमेन्ट बैंक लि.

श्री गोविन्द चापागाई
कम्पनी सचिव

विषय-सूची

स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड

कमलपोखरी, काठमाडौं

२१औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति : २०७९/१०/२७)

यस वित्तीय संस्थाको मिति २०७९ साल माघ २६ गते बिहिबार बसेको सञ्चालक समितिको ४०५औं बैठकको निर्णय अनुसार संस्थाको २१औं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थान :
मिति : वि.सं. २०७९ साल फाल्गुण १९ गते शुक्रबार ।
समय : बिहान १०:३० बजे ।
स्थान : लैनचौर ब्याान्क्वेट, काठमाडौं ।

छलफलका विषयहरू :

क) सामान्य प्रस्तावहरु :

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व.२०७८/७९को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७८/७९को नाफा नोक्सान हिसाब,नगद प्रवाह विवरण र नोक्सान बाँडफाँड विवरण छलफल गरी पारित गर्ने ।

३) आ.व. २०७८/७९ सम्मको मुनाफाबाट नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम चुक्तापुँजीको ६.०५२६% ले हुन आउने रकम रु.६,७९,२०,८१६/- (अक्षरेपि छ करोड उनान्असी लाख बीस हजार आठ सय सोह्र) नगद लाभांश/बोनस शेयर र नगद लाभांशको कर सहित) शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरुलाई वितरण गर्न स्वीकृत गर्ने ।

४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ (३) अनुसार आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५) आ.व. २०७८/७९ मा भएका संचालक समितिका नयाँ सदस्यहरुको मनोनयन तथा नियुक्ति अनुमोदन गर्ने ।

ख) विशेष प्रस्तावहरु :

१) यस वित्तीय संस्थाको अधिकृत पुँजी हाल रु. १ अरब १५ करोड रहेकोमा जारी तथा चुक्ता पुँजी वृद्धि हुने भएकोले सोका लागि २ करोड कित्ता शेयरको प्रति कित्ता रु. १००/-का दरले हुन आउने अधिकृत पूँजी रु. २ अरब कायम गर्ने ।

२) नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम आ.व. २०७८/७९ सम्मको मुनाफाबाट चुक्ता पुँजी रु.१,१२,२१,७०,०००/-को १५% ले हुने रकम रु. १६,८३,२५,५००/- बराबरको १६ लाख ८३ हजार २ सय ५५ कित्ता बोनस शेयर शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरुले पाउने गरी जारी गर्ने ।

३) हालको जारी तथा चुक्ता पुंजी रु.१,१२,२१,७०,०००/-मा उपरोक्त बमोजिमको बोनस शेयर जारी गरेर जारी तथा चुक्ता पुँजी रु. १,२९,०४,९५,५००/-कायम गर्ने ।

४) (क) प्रबन्धपत्रको ५(क) (अधिकृत पुँजी), ५(ख) (जारी पुँजी), र ५(ग) (चुक्ता पुँजी) संलग्न तीन महले अनुसूची अनुसारले हुने गरी संशोधन गर्ने ।
(ख) यस वित्तीय संस्थाको नियमावलीको नियम २९ (१) (ग) को (अ)मा संलग्न अनुसूची अनुसारले हुने गरी संशोधन गर्ने ।

५) प्रबन्धपत्र तथा नियमावलीमा गरिने संशोधनहरुमा नियमनकारी निकायहरुले संशोधन, थपघट, समायोजन वा फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप गर्न संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

६) संस्थापक शेयरलाई १० प्रतिशत बिन्दुले सर्वसाधारणमा परिणत गरी हालको शेयर संरचना संस्थागत शेयर ७० प्रतिशत र सर्वसाधारण शेयर ३० प्रतिशतलाई क्रमश: संस्थापक शेयर ६० प्रतिशत र सर्वसाधारण शेयर ४० प्रतिशत कायम गर्ने ।

७) यस वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका एक वा एकभन्दा बढि लघुवित्त वित्तीय संस्थाहरुलाई मर्जर/प्राप्ती (merger/Acquisition) गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने ।

ग) विविध

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

साधारण सभा सम्बन्धी अन्य जानकारी

१) २१औं वार्षिक साधारण सभाको प्रयोजनको लागि मिति २०७९/११/१० गतेका दिन वित्तीय संस्थाको शेयर दाखिल खारेज/शेयरधनी दर्ता पुस्तिका बन्द रहनेछ ।

२) वित्तीय संस्थाको वार्षिक आर्थिक विवरण सहितको वार्षिक साधारण सभाको सूचना शेयरधनी महानुभावहरूको सम्बन्धित ठेगानामा पठाइनेछ । यदि सो प्राप्त नभएमा कार्यालय समय भित्र वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौंबाट वा वित्तीय संस्थाको वेबसाइट http://swbbl.com.np बाट प्राप्त गर्न सकिनेछ ।

३) सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रतिनिधि पत्र (प्रोक्सी फाराम) भरी केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौंमा सभा शुरू हुनु भन्दा कम्तीमा ७२ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि नियुक्त गरिएको व्यक्ति यस वित्तीय संस्थाको शेयरधनी हुनु आवश्यक छ । एक शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा सबै प्रतिनिधि (प्रोक्सी) स्वत:बदर हुनेछन् ।

४) एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयरदर्ता रहेको अवस्थामा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ ।

५) नाबालक वा विक्षिप्त शेयरधनीहरूको तर्फबाट वित्तीय संस्थाको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता रहेका व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ ।

६) सभामा उपस्थित हुने शेयरधनीहरूले संस्थाको शेयर अभौतिकीकरण गरेको विवरण/अभौतिकिकरण खाताको विवरण (शेयर अभौतिकिकरण नगरेका शेयरधनीको हकमा सक्कल शेयर प्रमाण पत्र) र यी दुई मध्ये कुनै एकका साथ आफ्नो परिचय खुल्ने प्रमाणपत्र प्रस्तुत गरे पछि मात्र सभा कक्ष भित्र प्रवेश गर्न पाइनेछ ।

७) सभामा भाग लिने शेयरधनी महानुभावले सभा हुने स्थानमा सभा सुरु हुनु भन्दा पहिले नै उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ ।

८) सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरू सभा स्थल आउँदा झोला, प्याकेट वा अन्य सामान नलिई आउनुहुन अनुरोध गरिन्छ । सुरक्षाकर्मीले सभा कक्षमा प्रवेश गर्नेको सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरी दिनुहुन समेत अनुरोध गरिन्छ ।

९) साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौंको फोन नं. ०१-४५३४९२१/०१-४५३४९२२ फ्याक्स नं. ०१-४५४१५२५ मा वा ईमेल *info@swbbl.com.np* सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

श्री सञ्चालक समिति,
स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड,
केन्द्रीय कार्यालय, काठमाडौं ।

विषय : प्रतिनिधि नियुक्त गर्ने बारे ।

महाशय,

.... जिल्ला.................................... न.पा. / गा.पा. वडा नं.................. बस्ने म / हामी......................

....................................ले त्यस वित्तीय संस्थाको शेयरवालाको हैसियतले २०......... साल............ महिना....... गते.............

बारका दिन हुने साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि..............................जिल्ला .... न.पा. / गा.पा. वडा नं................गते बस्ने त्यस वित्तीय संस्थाका शेयरवाला श्री..शेयर प्रमाण-पत्र नं. / अभौतिकीकरण खाता नं...............

......................लाई मेरो / हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु छौं ।

निवेदकको	**प्रतिनिधिको**
दस्तखत :	दस्तखत :
नाम :	नाम :
ठेगाना :	ठेगाना :
शेयर प्रमाण-पत्र नं.	शेयर प्रमाण पत्र नं.
कित्ता नं..................देखि................सम्म	कित्ता नं..................देखि................सम्म
शेयरधनी नं / हितग्राही (डिम्याट) खाता नं..................	शेयरधनी नं / हितग्राही (डिम्याट) खाता नं..................
मितिः	मितिः

द्रष्टव्यः यो निवेदन साधारणसभा हुनु भन्दा कम्तीमा ७२ घण्टा अगावै वित्तीय संस्थाको सम्बन्धित कार्यालयमा पेश गरिसक्नुपर्ने छ । एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) को नाउँ उल्लेख गरेमा प्रतिनिधि (प्रोक्सी) फारम रद्द गरिने छ ।

वित्तीय संस्थाको प्रगति विवरणको झलक



Number of Members



Operating Self-Sufficiency (OSS)



Number of Borrowers



Yield on Portfolio (YOP)



Total Loan Outstanding (NRs. in 000)



Per Share Income (in Rs.)



Total Saving Balance (NRs in 000)



FY 2078-79 Income Sources



Net Profit (NRs in 000)



FY 2078-79 Expenses



Capital Fund (NRs in 000)



Non Performing Assets (NPA)

ग्राहक संरक्षण/सामाजिक उत्तरदायित्व अन्तर्गत भएका कार्यक्रम सम्बन्धी झलकहरु

शाखा कार्यालय थिमी, भक्तपुरले आयोजना गरेका केन्द्र प्रमुख गोष्ठी कार्यक्रममा सहभागी सदस्यहरु

शाखा कार्यालय सालझण्डी, रुपन्देहीले आयोजना गरेको केद्र प्रमुख गोष्ठी कार्यक्रम

शाखा कार्यालय तुलसीपुर, दाङले आयोजना गरेको सदस्य तथा अभिभावक अन्तर्क्रिया र वित्तीय साक्षरता कार्यक्रममा सहभागीहरु

शाखा कार्यालय ढल्केवर, धनुषाले स्थानीय सामुदायिक विद्यालयमा शैक्षिक सामाग्री तथा विद्यालय पोशाक वितरण कार्यक्रम

शाखा कार्यालय त्रेत्रावति, रसुवाले आयोजना गरेको वित्तीय साक्षरता अभियान कार्यक्रम

शाखा कार्यालय धादिङबेशी, धादिङले आयोजना गरेको वित्तीय साक्षरता अभियान कार्यक्रम

शाखा कार्यालय बस्तिपुर, मकवानपुरले आयोजना गरेको केन्द्र प्रमुख गोष्ठी कार्यक्रम

शाखा कावाशोति, नवलपरासीले आयोजना गरेको सदस्य अवलोकन भ्रमण कार्यक्रममा सहभागी सदस्यहरु

स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.को २१औं वार्षिक साधारण सभामा अध्यक्षज्यूद्वारा प्रस्तुत संचालक समितिको प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरु,

विपन्न वर्ग खास गरेर ग्रामीण महिलाहरुलाई लक्षित गरी स्वावलम्बन विकास केन्द्रले वि.सं. २०५० मा गैरसरकारी स्तरमा नेपालमै सर्वप्रथम संचालन गरेको लघुवित्त कार्यक्रमलाई समेटेर वि.सं २०५८ साल माघ १ गतेदेखि स्वावलम्बन विकास बैंक लि.को रुपमा स्थापना गरिएको थियो । वित्तीय संस्था ग्रामीण, पिछडिएका, न्यून आयस्तर भएका परिवारलाई लघुवित्त सेवामा सहज पहुंच उपलब्ध गराई ग्रामीण तथा शहरी विपन्न वर्गको आर्थिक-सामाजिक अवस्था सुधार गर्ने उद्देश्यले स्थापना भई सो अनुसार कार्य गर्दै हाल २१औं वार्षिक साधारण सभासम्म आइपुगेको छ । संस्थाको स्थापना कालदेखि नै हामीलाई असीम विश्वास, सद्भाव र आत्मीयतापूर्वक सहयोग गर्नु हुने शेयरधनी महानुभावहरुलाई स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.को यस २१औं वार्षिक साधारण सभामा मेरो व्यक्तिगत तथा संचालक समितिको तर्फबाट हार्दिक स्वागत गर्दछु । अब म कम्पनी ऐन, २०६३ मा उल्लिखित व्यवस्था बमोजिम तयार गरिएको संचालक समितिको यो प्रतिवेदन वित्तीय संस्थाको यस वार्षिक साधारण सभामा यहाँहरु समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु ।

विगत वर्षको कारोबारको सिंहावलोकन :

स्थापना कालदेखि नै लगातार प्रगति उन्मुख रहेको यस वित्तीय संस्थाले देशको आर्थिक गतिविधिमा आएको शिथिलता तथा मुलुकको लघुवित्त लगायत समग्र बैंकिङ् व्यवसायमा बढ्दै गएको प्रतिस्पर्धाको बाबजुद पनि समीक्षा आर्थिक वर्षमा वित्तीय संस्थाको कारोबार औषतमा सामान्य रह्यो । विद्यमान परिस्थिति, बहुबैकिंग/दोहोरोपना, कर्जाको गुणस्तरलाई ध्यान दिंदै कर्जा लगानीमा विशेष सजगता अपनाइएका कारण लगानीमा रहिरहेको कर्जा सापटमा सामान्य वृद्धिमा भएको छ भने निक्षेप दायित्व एवं कर्जा सापटमा स्रोतपरिचालनका लागि आवश्यकता अनुरुपको वृद्धि भएको छ । कर पछिको नाफामा पछिल्लो आ.व.को तुलनामा कमी आएको छ । समग्रमा कुल वासलातको आकारमा १५.४३ प्रतिशतले वृद्धि भएको छ । विगत दुई आर्थिक वर्षका प्रमुख परिसूचकहरुको देहाय बमोजिमको तुलनात्मक विवरण अध्ययन गर्दा वित्तीय संस्थाको आर्थिक कारोबार विद्यमान परिस्थितिलाई समेत मध्यनजर गर्दा सन्तोषजनक रहेको देखिन्छ ।

क्र.सं	विवरण	गत आ.व. (२०७७/७८)	समीक्षा आ.व. (२०७८/७९)	वृद्धि	वृद्धि प्रतिशत
१.	शेयर पूंजी (रु)	१,१२,२१,७०,०००	१,२९,०४,९५,५००	१६,८३,२५,५००	१५%
२.	जगेडा तथा कोषहरु (रु)	१,५७,८९,४४,६९३	१,६१,९०,४०,९२०	४,००,९६,२२७	२.५४%
३.	तिर्न बाँकी कर्जा सापट (रु)	४,५६,७६,८३,९७८	५,४४,८२,३८,२६२	८८,०५,५४,२८५	१९.२७%
४.	निक्षेप दायित्व (रु)	१०,६२,३०,०३,०७१	११,९९,०५,३३,४०१	१,३६,७५,३०,३३०	१२.८७%
५.	कर्जा सापट (रु)	१७,३९,२५,६५,७५८	१८,६५,८८,१७,२१५	१,२६,६२,५१,४५७	७.२८%
६.	खुद मुनाफा (रु)	६८,६२,५१,५७१	२९,०५,१४,११०	-३९,५७,३७,४६१	-५७.६६%
७.	असुली दर (प्रतिशत)	९९.४५%	९६.९%	-२.५५%	-२.५६%
८.	वासलातको आकार	१८,९६,३६,१०,९१५	२१,८८,९७,२१,८१९	२,९२,६१,१०,९०४	१५.४३%

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट वित्तीय संस्थाको कारोबारलाई परेको असर :

गत वर्ष विश्व आर्थिक गतिविधीमा आएको सुस्तताले देखिएको नकारात्मक प्रभाव हालसम्म कायम छ । आर्थिक वर्ष २०७८/७९ को सुरुमा देशको व्यवसायिक वातावरण सुधारोन्मुख रहे तापनि व्यापार व्यवसायको क्षेत्रमा उल्लेख्य प्रगति हुन सकेन । सरकारको आर्थिक गतिविधि समेत सन्तोषजनक नभएको साथै, लघुवित्त वित्तीय संस्थाहरु बीच विगतदेखि नै देखिंदै आएको अस्वस्थ कर्जा लगानीको प्रतिस्पर्धावाट असुलीमा समस्या आई संस्थाले लक्षित प्रतिफल हासिल गर्न सकेको छैन ।

प्रतिवेदन तयार भएको मिति (२०७९ पौष मसान्त) सम्मको चालू वर्षको उपलब्धी र भविष्यमा चाल्नु पर्ने कदमको बारेमा संचालक समितिको धारणाः

आर्थिक वर्ष २०७८/७९ मा संस्थाले १०,७८९ सदस्य थप गरी सेवा विस्तार गर्न सफल भएको छ । २०७८ असार मसान्तमा २,५१,१६१ सदस्यलाई लघुवित्त सेवा प्रदान गरेकोमा १०,७८९ जना सदस्य थप गरी २०७९ असार मसान्तसम्म २,६१,९५०सदस्यलाई लघुवित्त सेवा प्रदान गरेको छ ।

चालु आर्थिक बर्ष २०७९/८० मा २५ वटा थप गाउँपालिका/नगरपालिकामा सेवा विस्तार गर्ने लक्ष्य राखिएको छ । त्यसरी नै चालु आ.व.मा १३,६७६ जना खूद वृद्धि गरी जम्मा सदस्य संख्या २,७८,२८५ पुऱ्याइने लक्ष्य रहेकोछ । साथै,लगानीमा रहिरहेको कर्जा रु. ३ अर्ब २५ करोड ९६ लाख ५३ हजार वृद्धि गरी रु. २४ अर्ब ३५ करोड ४१ लाख २२ हजार पुऱ्याउने लक्ष्य लिईएको छ । खुद बचत रु. २ अर्ब ३१ करोड ०४ लाख १५ हजार वृद्धि गरी कूल बचत रु. १४ अर्ब ३५ करोड ७८ लाख ८९ हजार पुऱ्याउने लक्ष्य लिईएको छ ।

२०७८ पौष मसान्तको तुलनामा चालू आर्थिक वर्ष २०७९/८० को पौष मसान्तसम्म वित्तीय संस्थाको मुख्य वित्तीय अवस्था यस प्रकार रहेको छ।

क्र.सं.	विवरण	२०७८ पौष मसान्त	२०७९ पौष मसान्त	वृद्धि	वृद्धि प्रतिशत
१.	ग्राहक संख्या	२,५७,०८९	२,६३,०७०	५,९८१	२.३३%
२.	निक्षेप (रु.)	११,२६,८३,०५,०००	१२,६९,०७,८२,९१५	१,४२,२४,७८,०६५	१२.६२%
३.	कर्जा तथा सापट (रु.)	१९,९१,६७,१७,४९७४६	२०,७०,५०,३८,४२६।३३	७८,८६,९२९	३.९६%
४.	संचालन आम्दानी (रु.)	१,६५,२३,८८,१०६।४४	१,८८,४२,९२,५१०।६२	२३,१९,०४,४०४	१४.०३%
५.	खर्च (रु.)	१,४१,७२,७१,६३८।१२	१,६४,४०,९७,३३५।०७	२२,६८,३५,६९७	१६.००%
६.	नाफा (रु.)	२३,५१,१६,४६८।३२	२४,०१,९५,१७५।५५	५०,७८,७०७	२.१६%

चालू आर्थिक बर्ष २०७९/८० मा कार्यक्रमलाई सुधार गर्न बिशेष रणनीति र कार्ययोजना बनाइएको छ। आर्थिक मन्दी, कोरोना महामारी (कोभिड १९)को असर र कर्मचारीको बाधा बिरोध आदि कारणले नियमित बैठक हुन नसकेका केन्द्रहरुलाई नियमित गर्दै लगिएको छ। विविध कारणले समस्यामा परी भाका नाघेका ऋणी सदस्यहरुलाई सानो सानो किस्ता हुने गरी कर्जा असुली गर्ने व्यवस्था मिलाइएको छ। ग्राहक सदस्यमा उत्प्रेरणा बढाउन लागि शाखा/उपशाखा स्तरमा केन्द्र प्रमुखहरुको गोष्ठी/अन्तर्कृया गर्ने, अभिभावक भेला तथा छलफल, वित्तीय साक्षरता कार्यक्रम आदि सन्चालन गर्ने, उत्कृष्ठ उद्यमी, केन्द्र, ग्राहक तथा SEE परीक्षामा उत्कृष्ट अंक ल्याउने सदस्यका छोराछोरीहरुलाई पुरष्कृत गर्ने कार्यक्रमहरु संचालन गरिएको छ। स्थानीय जनप्रतिनिधि, समाजसेवी, अन्य संघसंस्थासँग सम्पर्क बृद्धि गर्ने, ग्राहक सदस्यहरुलाई नियमित सेवा प्रदान गर्न र सदस्यको विश्वास आर्जन गर्न ७० वर्ष भन्दा माथिका सदस्यलाई ग्राहक संरक्षण कोषबाट सुविधा प्रदान गर्ने, अपुरो समुह र साना केन्द्रहरुमा सदस्य थप गर्ने, बिशिष्ट सदस्यलाई परिचालन गर्ने, सामाजिक कार्यलाई प्राथमिकता दिने, सदस्यलाई कर्जा बीमा र पतिको बीमासंग जोडी कर्जा लिन प्रोत्साहित गर्ने, बचतलाई बृद्धि गर्न प्रवर्द्धनात्मक सामग्रीको विकास तथा विस्तार गर्ने, निक्षेपको ब्याजदरमा समय अनुसार पुनरावलोकन गर्ने र बीमाको सुविधाले नसमेटका तथा कर्जा नलिई बचत मात्र गरी असल सदस्यको रुपमा आवद्ध भएका सदस्य तथा दैवी प्रकोपको मारमा परेका सदस्यलाई ग्राहक संरक्षण कोषबाट जटिल स्वास्थ्य समस्या,मानविय क्षती आदिमा आवश्यक सहुलियत दिएर कार्यक्रमलाई अझ प्रभावकारी बनाउने तथा उद्यमशीलता तालिम संचालन गर्ने, सदस्यहरुको कर्जा सदुपयोग गर्ने क्षमता तथा उद्यमशीलताको विकास गर्ने कार्यक्रमहरु संचालन गरिएका छन।

संचालक समितिको विवरण :

हाल संचालक समितिमा स्वावलम्बन विकास केन्द्र तथा व्यक्तिगत संस्थापक समेतका तर्फबाट प्रतिनिधित्व गर्ने गरी म डा.सुमित्रा मानन्धर गुरुङ्ग अध्यक्षको जम्मेवारीमा रहेको छु। संचालक समिति सदस्यमा सो केन्द्रको तर्फबाट श्री सतिश कुमार श्रेष्ठ, सर्वसाधारण शेयरधनीको तर्फबाट श्री राम प्रसाद पाण्डे र श्री विष्णु प्रसाद त्रिपाठी, हिमालयन बैंक लि.को तर्फबाट श्री सतिश राज जोशी, नेपाल इन्भेष्टमैण्ट बैंक लि. को तर्फबाट श्री मेख बहादुर थापा ठाडा र संचालक (स्वतन्त्र) को रुपमा श्री उमा जोशी बोहराले समितिमा प्रतिनिधित्व गरिरहनु भएको छ। समीक्षा आर्थिक वर्षमा संचालक समितिको बैठक २६ पटक बसेको छ।

प्रमुख कार्यकारी अधिकृत

आ.व. २०७८/७९ को सुरुवात देखि नै प्रमुख कार्यकारी अधिकृत पदमा श्री उदय राज खतिवडा कार्यरत रहनुभएकोमा निजले २०७८/११/१६ देखि लागू हुने गरी राजिनामा दिनु भएकाले सन्चालक समितिबाट निजको राजीनामा स्वीकृत भएपश्चात मिति २०७८/११/१६ गतेदेखि मिति २०७९/०४/०८सम्म वित्तीय संस्थाको का.मु.प्रमुख कार्यकारी अधिकृतमा श्री गोविन्द चापागाईले काम गर्नु भएको र मिति २०७९/०४/०९ देखि आगामी ४ वर्षका लागि श्री नरेन्द्र सिंह विष्टलाई प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त गरिएको छ।

कारोबारलाई असर पार्ने मुख्य विषयहरु :

आ.व. २०७८/७९मा यस वित्तीय संस्थाको कारोबारलाई असर पार्ने मुख्य विषयहरु निम्न अनुसार रहेका छन्।

- व्यापार व्यवसायमा आएको सुस्तताले वित्तीय संस्थाको कारोबार वृद्धिमा असर परेको छ।
- कर्मचारी युनियनहरुको विभिन्न समयमा भएको धर्ना तथा आन्दोलनको कार्यक्रमहरुले गर्दा यस आ.व.मा कारोबारलाई असर पर्न गएको छ।
- बाणिज्य बैंक तथा लघुवित्त वित्तीय संस्थाहरुको कार्यक्रम सबै स्थानीय स्तर सम्म बिस्तार भएकाले कडा तथा अस्वस्थ्य प्रतिस्पर्धा बढेर कार्यक्रममा नकारात्मक असर परेको छ।
- सदस्य दोहोरोपनाका कारण ग्राहकबाट भइरहेको बहुबैकिङ्ग कारोबारबाट कर्जा लगानीमा जोखिमहरु कायम रहीरहेको छ।
- एउटै ग्राहक सदस्यले अन्य धेरै जनाको कर्जा चलाइदिएको कारणबाट कर्जा असुली तथा सदस्यको व्यवसायिक क्षमता अभिवृद्धिमा समस्या उत्पन्न भएको छ।
- राष्ट्रिय/अन्तराष्ट्रिय स्तरमा अर्थतन्त्रमा देखिने आर्थिक, मौद्रिक लगायतका नीतिगत परिवर्तनले हुने जोखिमहरु विद्यमान रहेका छन्।
- पुराना अनुभवी र दक्ष कर्मचारीहरु संस्था छोडेर जाँदा लघुवित्त कार्यक्रम विस्तारमा असर परेको।
- सरोकारवालाहरु खास गरेर ग्राहक सदस्यहरुको आर्थिक अनुशासनमा कमी आएकाले पनि कार्यक्रममा थप असर परेको छ।

लेखापरीक्षण प्रतिवेदन र सञ्चालक समितिको प्रतिक्रिया :

श्री एस.आर.पाण्डे एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्टस्, महाराजगञ्ज काठमाडौंले विगत तीन वर्षदेखि यस वित्तीय संस्थाको लेखापरीक्षण गर्दै आएको छ। लेखापरीक्षण प्रतिवेदनमा कार्य संचालनका क्रममा हुने सामान्य कैफियत बाहेक संस्थालाई असर गर्ने किसिमका कैफियतहरु उल्लेख भएको पाइएको छैनन् । लेखा परिक्षणको प्रतिवेदनमा उल्लेख भएका सामान्य कैफियतको सुधार गर्ने र दिइएका सुझावहरु कार्यान्वयन भइरहेको छ। नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम लघुवित्त वित्तीय संस्थामा नेपाल फाइनान्सियल रिपोर्टिङ सिस्टम लागू भैसकेकोले आ.व. २०७८/७९ को असार मसान्तदेखि सोही मापदण्ड अनुसार वित्तीय विवरण तयार गर्ने कार्य सम्पन्न भैसकेको छ।

लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :

आ.व.२०७८/७९ को खुद मुनाफा रु.२९ करोड ०५ लाख १४ हजार १ सय १० आर्जन भएको, गत वर्ष सम्मको संचित मुनाफा रु. ३० करोड १५ लाख ४५ हजार ५ सय ७२ र संस्थागत सामाजिक उत्तरदायित्वमा भएको खर्च रु.४३ लाख १८ हजार १ सय ३१ समेत जोड गर्दा बाँडफाँडको लागि जम्मा रु.५९ करोड ६३ लाख ७७ हजार ८ सय १३ उपलब्ध रहेको छ।

बाँडफाडको लागि उपलब्ध उपरोक्त रकमबाट साधारण जगेडा कोषमा रु.६ करोड ४० लाख ०८ हजार ९ सय ८०, ग्राहक संरक्षण कोषमा रु. ५८ लाख ५८ हजार २ सय २०, संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कोषमा रु.२९ लाख ०५ हजार १ सय ४१, स्थगन कर जगेडा तर्फ रु. १६ करोड ६३ लाख ५२ हजार २ सय ९९ छुट्याइएको छ। सो पश्चात शेयरधनीहरुलाई चुक्ता शेयर पूँजीको ६.०५२६ प्रतिशतले हुने रकम रु. ६ करोड ७९ लाख २० हजार ८ सय १६ (बोनश शेयर र नगद लाभांशको कर समेतको लागि) नगद लाभांशको लागि र चुक्ता पूँजीको १५ प्रतिशतले हुने रकम रु. १६ करोड ८३ लाख २५ हजार ५ सय बोनस शेयर लाभांश वितरण गर्न यस सभामा प्रस्ताव गरेका छौं।

आन्तरिक नियन्त्रण प्रणाली

लघुवित्त कार्यक्रमको संचालनमा रहेका जोखिमहरुको व्यवस्थापन र नियन्त्रणको लागि चाहिने कार्यविधिहरु र नीति नियमहरु तयार गरी कार्यान्वयन गरीएको छ। लघुवित्तको उद्देश्य परिपूर्ति गर्न र संचालन तथा वित्तीय जोखिमहरु बहन गर्नुपर्ने आवश्यकतालाई मनन गर्दै जोखिमका दुष्प्रभावहरुलाई न्यूनिकरण गर्नेतर्फ हामी सदैव अग्रसर रहेका छौं। यसको लागि नीतिगत तहमा संचालक श्री मेख बहादुर थापा ठाडाको संयोजकत्वमा जोखिम व्यवस्थापन समिति कार्यरत रहेको छ। सो समितिमा संचालक श्री सतिश कुमार श्रेष्ठ सदस्य, लेखापरीक्षण समितिका संयोजक श्री सतिश राज जोशी पदेन सदस्य हुनहुन्छ भने कर्जा, संचालन र निरीक्षण विभागका प्रमुख श्री राजन प्रसाद भट्टराई सदस्य तथा कर्जा, संचालन र निरीक्षण विभागका जोखिम हेर्ने कर्मचारी प्रबन्धक श्री जनार्दन ढकाल सदस्य सचिवका रुपमा कार्य गरिरहनु भएको छ। यस समितिले संभावित जोखिमका क्षेत्र पहिचान गर्ने, सो सम्बन्धी नीति निर्देशनहरु तयार गरी समितिमा पेस गर्ने र सोको कार्यान्वयनबारे समीक्षा गर्ने गर्दछ। यस समितिको बैठक नियमित रुपमा बसी जोखिम व्यवस्थापन तथा न्यूनिकरणको लागि संचालक समिति मार्फत व्यवस्थापनलाई राय सुझाव र निर्देशन दिदैं आएको छ। आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउन आर्थिक प्रशासन विनियमावली, कर्मचारी सेवा विनियमावली, कार्यक्रम संचालन निर्देशिका, कर्जा अपलेखन विनियमावली लगायत नीति, नियम, परिपत्रहरु तयार गरी कार्यान्वयन गरिएको छ। सोलाई प्रभावकारी कार्यान्वयन गर्न कर्जा संचालन तथा निरीक्षण विभाग र विभिन्न ९ वटा क्षेत्रमा रहेका इलाका कार्यालयहरुबाट कार्यक्रम र कारोबारको सुव्यवस्थित संचालन गर्न नियमित रुपमा अनुगमन र निरीक्षण भइरहेको छ।

साथै, कर्जा, संचालन तथा निरीक्षण विभाग अन्तर्गत नायब विभागीय प्रबन्धक श्री संजिब कुमार झा संयोजक र वरिष्ठ प्रबन्धक श्री मोहित नारायण यादव सदस्य रहेको कर्जा असुली इकाई गठन भएको छ। सो इकाईले भाका नाघेको कर्जा असुली व्यवस्थापन गर्न र गुणस्तरीय कर्जा लगानीमा जोड दिने गरेकोछ भने सो अनुसार कार्य भए नभएको सुनिश्चित गर्न आन्तरिक लेखापरीक्षण विभागले कार्यक्रम बनाई लेखापरीक्षण गरेर आन्तरिक लेखापरीक्षण समितिमा छलफल गरी संचालक समितिमा आवश्यक नीतिगत व्यवस्थाको लागि सिफारिस गर्ने गरेको छ। समग्र मुलुकको आर्थिक गतिविधिमा शिथिलता आएकाले त्यसको असर संस्थाको कर्जा असुलीमा समेत परेकाले कर्जा असुलीका लागि थप रणनीतिहरु तय गरी कर्मचारीहरु परिचालन गर्ने कार्य भईरहेको छ।

विगत आर्थिक वर्षको कूल व्यवस्थापन खर्चको विवरण

यस वित्तीय संस्थाका खर्चहरुमध्ये सबभन्दा बढी रकम ब्याज भुक्तानी गर्न खर्च भएको छ। आर्थिक वर्ष २०७७/७८ मा ब्याज खर्च रु. ९७ करोड ५३ लाख ६ हजार १ सय ५६ भएकोमा समीक्षा आर्थिक वर्ष २०७८/७९मा सोमा २६.४६% ले बृद्धि भई रु.१ अरब २३ करोड ३३ लाख ७० हजार १ सय ७६ खर्च हुन गएको छ। त्यसै गरी आर्थिक वर्ष २०७७/७८ मा कर्मचारी खर्च रु. ५८ करोड ४८ लाख ४९ हजार ४ सय २२ भएकोमा समीक्षा आर्थिक वर्ष२०७८/७९मा सोमा ७.६५% ले बढी भई रु. ६२ करोड ९६ लाख १७ हजार ९ सय ३६ खर्च हुन गएको छ भने अन्य संचालन खर्च आर्थिक वर्ष २०७७/७८ मा रु. १० करोड ७८ लाख ९१ हजार ७ सय ४१ भएकोमा समीक्षा आर्थिक वर्ष २०७८/७९मा सोमा २८% ले बृद्धि भई रु. १३ करोड ८१ लाख २१ हजार ५ सय हुन गएको छ। त्यस्तै, संभावित नोक्सानी व्यवस्थामा आर्थिक वर्ष २०७७/७८ मा रु. ८ करोड ८९ लाख ५४ हजार २ सय २७ खर्च लेखिएकोमा समीक्षा आर्थिक वर्ष २०७८/७९मा थप रु. ७३ करोड ६१ लाख ८० हजार ९ सय ८ खर्च हुन गएको छ। कर्जा नोक्सानीमा भएको खर्च व्यवस्था नेपाल राष्ट्र बैंकको स्थलगत तथा गैर स्थलगत निरीक्षण पछि भएको निर्देशन अनुसार नै भएको छ।

समीक्षा आर्थिक वर्ष २०७८/७९मा स्वावलम्बन बचतको ब्याजदर बृद्धि गरिएको र विभिन्न बैंक तथा वित्तीय संस्थाबाट लिइएको सापट रकमको ब्याजदर बढेको कारण ब्याज खर्चमा उल्लेख्य बृद्धि भएको छ। संस्थाले आन्तरिक लगानीको स्रोतको रुपमा बचत बृद्धिमा जोड दिदै आएको छ। वित्तीय बजारमा निक्षेपको ब्याजदरमा समेत उल्लेख्य बृद्धि भएका कारण सदस्यको बचतको ब्याजदरमा समेत बृद्धि गरिएको हो।

त्यस्तै, सो वर्ष कर्मचारीको संख्या थप भएको र सबै तहका कर्मचारीको तलब सुविधा समेत बृद्धि गरिएको कारण कर्मचारी खर्चमा समेत वृद्धि भएको छ। माथि उल्लिखित गरिएका विविध आन्तरिक तथा बाह्य कारणले संस्थाको कर्जा असुलीमा कठीनाई सिर्जना भएको तथा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जाको नोक्सानी व्यवस्था थप गरेका कारण यस शिर्षकको खर्चमा बृद्धि भएकोछ।

लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण,

नेपाल राष्ट्र बैंकको जारी निर्देशन तथा कम्पनी ऐनका प्रावधानहरुका अधिनमा रही लेखा परीक्षण समितिले कार्य गरिरहेको छ। समीक्षा वर्षमा लेखापरीक्षण समितिमा संस्थापक शेयरधनी हिमालयन बैंक लि.बाट प्रतिनिधित्व गर्नुभएका सञ्चालक श्री सतिश राज जोशी संयोजक र सर्वसाधारण शेयरधनीबाट प्रतिनिधित्व गर्नुभएका सञ्चालक श्री राम प्रसाद पाण्डे सदस्य सहित आन्तरिक लेखापरीक्षण विभाग प्रमुख श्री मोहन प्रसाद भट्टराई सदस्य सचिव समेतको लेखापरीक्षण समिति क्रियाशिल रहेको छ।

आर्थिक वर्ष २०७८/७९ मा लेखापरीक्षण समितिको बैठक १३ पटक बसेको। बैठकमा देहाय बमोजिमको विषयमा छलफल भएको :

क) आन्तरिक लेखापरीक्षणको प्रतिवेदनको समीक्षा गरी सुधारका लागि व्यवस्थापनलाई आवश्यक निर्देशन दिएको छ।

ख) निरीक्षण प्रतिवेदनहरुको समीक्षा गरी व्यवस्थापनलाई आवश्यक सुझाव दिएको छ।

ग) वित्तीय संस्थाको वार्षिक हिसाब, बाह्य लेखापरीक्षकको प्रारम्भिक प्रतिवेदन र नेपाल राष्ट्र बैंकको स्थलगत निरीक्षण प्रतिवेदन समीक्षा गर्नुका साथै यस सम्बन्धमा सञ्चालक समितिको जवाफ/ प्रतिक्रिया पेश गर्न व्यवस्थापनलाई निर्देशन दिएको छ।

घ) आन्तरिक नियन्त्रण व्यवस्था तथा प्रक्रियामा सुधार गर्न र आवश्यकता अनुसार नीति निर्देशिका तथा प्रक्रियाहरुमा सुधार गर्न व्यवस्थापनलाई निर्देशन तथा सुझावहरु दिइयो।

लेखापरीक्षण समिति सदस्यलाई बैठक भत्ता बाहेक अन्य कुनै पारिश्रमिक/सुविधा प्रदान गरिएको छैन। लेखापरीक्षण समितिको बैठक समीक्षा वर्षमा १० पटक बसेको र सदस्य-सचिव बाहेक संयोजक र सदस्यलाई बैठक भत्ता बापत जम्मा रु. १,००,०००।- उपलब्ध गराइएको छ।

कम्पनी ऐन, २०६३ को दफा १०९(४) बमोजिमका अन्य विवरणहरु अनुसूची (क) मा प्रस्तुत गरिएको छ।

मानव संशाधन व्यवस्थापन तथा तालिम

वित्तीय संस्थामा समीक्षा आर्थिक वर्ष २०७८/७९ अन्त सम्म विभिन्न तहमा ६९२ जना कर्मचारी कार्यरत रहेका छन्। त्यस मध्ये कर्मचारीहरुको वृत्ति विकास र क्षमता अभिवृद्धिको लागि अभिमुखीकरण कार्यक्रम, आन्तरिक तालिम, अन्तराष्ट्रिय तालिम तथा अध्ययन भ्रमण सहित अन्य बाह्य तालिम प्रदायक संस्थामा समेत गरेर विभिन्न ४२ बटा तालिम तथा क्षमता अभिबृद्धि कार्यक्रममा ६५३ जना कर्मचारीहरुलाई सहभागी गराई पेशागत सीप विकासको अवसर प्रदान गरिएको छ। यस आ.व.मा कर्मचारी क्षमता अभिवृद्धि कोषबाट कर्मचारीहरुको वृत्ति विकास कार्यक्रम/तालिम अन्तरगत रु.८४,३६,८१९/- खर्च भएको छ।

यसको साथै प्राकृतिक प्रकोप तथा विपत्ति आदिको अवस्थामा समेत केन्द्र र कार्यालय व्यवस्थापन बारे समीक्षा, छलफल कार्यक्रम, कार्यक्रम सुदृढीकरण बारे छलफल, भाखा नाघेको कर्जा व्यवस्थापन सम्बन्धी अर्न्तक्रिया कार्यक्रम, इलाका स्तरीय चालू आ. ब. २०७८/७९को आवधिक रुपमा कार्यक्रमको प्रगति समीक्षा तथा अन्तर्किया कार्यक्रम जुम माध्यम तथा आपसी भेलाबाट गरिएकोछ। शाखा कार्यालय स्तरीय चालु आ. व. २०७८/७९ को तेश्रो त्रैमासिक समीक्षा तथा आ. व. २०७९/८०को बजेट कार्यक्रम तर्जुमा बैठक इलाका कार्यालय विर्तामोड, झापा/इटहरी,सुनसरी/वर्दिवास, महोत्तरी/घोराही,दाङ/पोखरा, कास्की/बिरगञ्ज, पर्सा/लहान,सिराहा/गङ्गाघर, भक्तपुर र धनगढी,कैलालीमा गरिएका तथा अन्य अन्तरक्रिया कार्यक्रम, संस्थाको कार्यक्रम सम्बन्धमा समसामयिक छलफल, रणनीति बारे अर्न्तक्रिया कार्यक्रम जुम माध्यमबाट समेत गरिएको छ। यसरी जुमको माध्यमबाट र भौतिक रुपमा उपस्थित भएर गरेको त्रैमासिक समिक्षा तथा अरु अन्तरक्रिया तथा छलफलबाट कर्मचारीहरुले संस्थाको कार्यक्रममा रहेको समस्या, चुनौती, अवसर र समस्या समाधानहरु उपायहरु बारेमा जानकारी हासिल गर्ने गरेको छ।

पुराना र दक्ष कर्मचारीहरुलाई क्रियाशील गराउन तथा संस्था सेवामा टिकाइराख्न नियमित पदोन्नति हुने व्यवस्था गरिएको छ। समीक्षा आर्थिक वर्षमा विभागीय प्रबन्धक पदमा ३ जना, नायव विभागीय प्रबन्धक पदमा २ जना, वरिष्ठ प्रबन्धक पदमा ४ जना, प्रबन्धक पदमा ६ जना, सहायक प्रबन्धक पदमा १५ जना, बरिष्ठ सहायक पदमा ३५ जना, मुख्य पियन पदमा ५ जना, वरिष्ठ पियन पदमा ६ जना र पियन पदमा ९ जना गरी ८५ जनाको पदोन्नति भएको छ।

संचालक समितिको सदस्यको संयोजकत्वमा गठित कर्मचारी सेवा सुविधा समितिमा हाल संचालक श्री उमा जोशी बोहरा संयोजक, संचालक श्री सतिश कुमार श्रेष्ठ सदस्य, प्रमुख कार्यकारी अधिकृत श्री नरेन्द्र सिंह बिष्ट सदस्य, वित्त तथा लेखा विभागका प्रमुख श्री महेन्द्र वन सदस्य र जनशक्ति व्यवस्थापन विभागका प्रमुख श्री निलकण्ठ पौडेल सदस्य सचिव रहनु भएको छ। यस समितिको बैठक समीक्षा वर्षमा ४ पटक बसेको छ। यसै समितिको गय सुझावको आधारमा संचालक समितिबाट कर्मचारी सम्बन्धी नीति निर्माण र सेवा सुविधा वृद्धि सम्बन्धमा आवश्यक निर्णय लिने गरिएको छ।

अन्य गतिविधिहरु :

संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यहरु :

संस्थागत सामाजिक उत्तरदायित्व पुरा गर्नको लागि सामाजिक हित हुने काममा कुनै न कुनै रुपमा संलग्न हुनु संस्थाको नैतिक जिम्मेवारी पनि हो। यसै तथ्यलाई मनन गरी सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यमा थप क्रियाशिल हुन हरेक आर्थिक वर्षको मुनाफाको १% रकम छुट्ट्याई संस्थागत सामाजिक उत्तरदायित्व कोष खडा गरिएको छ। यस कोषबाट हरेक वर्ष केही रकम सामाजिक कार्यहरुमा खर्च गर्ने गरिएको छ।

समिक्षा आर्थिक वर्षमा कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोकथाम तथा नियन्त्रणको लागि ग्राहक सदस्य तथा अन्य संघ संस्थाहरुलाई, कोभिडबाट संक्रमित कर्मचारीहरुलाई उपचार आदिका लागि नगद सहयोग गरिएको छ । समिक्षा आ.व.मा संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यहरुमा कोषबाट रु.४३ लाख १८ हजार १ सय ३० खर्च गरिएको छ ।

ग्राहक संरक्षण सम्बन्धी कार्यहरु :

हरेक वित्तीय संस्थाको सफलताको आधार भनेका यसको सेवा प्रति सन्तुष्ट ग्राहक नै हुन् । आफ्ना ग्राहक सदस्यहरु संस्थासँग आवद्ध गराइराख्न उनीहरुको संरक्षण र विकासमा ध्यान दिनु आवश्यक हुन्छ । यसबाट नै संस्थाको दीगोपना र विकासको आधार बन्छ । यस वित्तीय संस्थाले आफ्ना ग्राहकको संरक्षण र विकासको लागि नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम हरेक आर्थिक वर्षको खूद मुनाफाको १% र २०% भन्दा बढी लाभांश वितरण गर्दा तोकिएको दरमा रकम छुट्ट्याई सोबाट ग्राहक संरक्षण कोष स्थापना गरी संचालनमा ल्याएको छ । यस कोषबाट ग्राहक सदस्यहरुको सामुहिक हित,समस्यामा परेका ऋणीहरुको सुरक्षण, उनीहरुको शिक्षा र क्षमता विकास, सिप विकास लगायतका कार्यको लागि रकम खर्च गर्ने गरिएको छ । समीक्षा आर्थिक वर्षमा प्राकृतिक विपत्ति बाढी, पहिरो, आगलागी, हात्तीको आक्रमणबाट स्व-वासी घर क्षति भएका सदस्यहरुलाई राहत, सदस्यको नेतृत्व क्षमता विकास गर्न केन्द्र प्रमुख गोष्ठी गर्न, सिप विकास तालिम गर्न, वित्तीय साक्षरता तथा उत्कृष्ट केन्द्र परियोजना अवलोकन भ्रमण र सदस्यहरुका मेधावी उत्कृष्ट बालबच्चाको छात्रवृत्ति, सामुदायिक कार्यको लागि केन्द्रघर बनाउन, सदस्यलाई वित्तीय साक्षरता दिन, कोरोना संक्रमणको समयमा केन्द्रमा सदस्यहरुलाई हात धुन साबुन, स्यानिटाइजर, ग्लोभ्स उपलब्ध गराउने साथै कोभिड-१९ आदिका कारण व्यवसाय प्रभावित भएका व्यवसाय पुनर्स्थापनाका लागि राहत लगायतका कार्यमा रु.२ करोड ०६ लाख ८३ हजार ५४ यस ग्राहक संरक्षण कोषबाट खर्च भएको छ ।

यसैगरी, ग्राहक सदस्यहरुलाई फत्तेपुर र गाईघाटमा आयोजना भएका २ वटा लघु उद्यम संम्बन्धी तालिममा ८३ जना, शाखा पातो, लहान र घोराहीबाट गरी जम्मा १२७ जना ग्रहाक सदस्यलाई लघु उद्यम व्यवसायको अध्ययन अवलोकन भ्रमण, ३६ जनालाई नेतृत्व विकास तालिम र अरु विभिन्न अभिमुखीकरण,वित्तीय साक्षरता संम्बन्धी कार्यक्रम संचालन गरी जम्मा ३,३९६ जनालाई तालिम प्रदान गरिएको छ ।

शेयरधनी माहानुभावहरु,

अन्तमा हालको विषम परिस्थितिमा पनि यस संस्थाको संचालनमा निरन्तर योगदान दिनुहुने ग्राहक सदस्यहरु, कर्मचारीहरु तथा संचालक समितिका सदस्यहरुलाई धन्यवाद दिन चाहन्छु । साथै, धैर्यताको साथ निरन्तर सहयोग र प्रोत्साहन गरी वित्तीय संस्थाको काम कारबाही संचालन गर्न हौसला प्रदान गर्ने सबै शेयरधनी संस्था र महानुभावहरु प्रति कृतज्ञता व्यक्त गर्दछु । वित्तीय संस्थालाई कार्य संचालनमा निरन्तर मार्गदर्शन र निर्देशन तथा सुझाव दिई सहयोग गर्ने नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितो पत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लिएरिङ लि., रजिष्ट्रार हिमालयन क्यापिटल लि. लगायत बैंक तथा वित्तीय संस्थाहरु सबैलाई धन्यबाद ज्ञापन गर्दछु । साथै मिहिनेत साथ लेखापरीक्षण गरिदिने बाह्य लेखापरीक्षक र कानूनी विषयहरुमा राय दिई सहयोग गर्ने कानूनी सल्लाहकारलाई संचालक समितिको तर्फबाट विशेष धन्यवाद दिन चाहन्छु । विशेष रुपमा हामीलाई निरन्तर सेवा गर्ने महत्वपूर्ण मौका दिई वित्तीय संस्थाको उन्नति र प्रगतिका आधारको रुपमा दीगोपना दिने आदरणीय ग्राहक सदस्य बर्ग प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

धन्यवाद !

सञ्चालक समितिका तर्फबाट
डा.सुमित्रा मानन्धर गुरुङ
अध्यक्ष
मिति : २०७९ फाल्गुण १९ गते शुक्रवार

अनुसूची "क"

कम्पनी ऐन, २०६३ को दफा १०९(४) बमोजिमको समीक्षा आर्थिक वर्षका खुलाउन पर्ने अन्य विवरणहरु

(क) कम्पनीको औद्योगिक वा व्यवसायिक सम्बन्ध :
वित्तीय संस्थाले आफ्ना सबै सरोकारवाला पक्षहरुसंग सुमधुर सम्बन्ध कायम गर्दै यहाँसम्म आइपुगेको छ। कर्जा सापट प्राप्त गर्ने सबै बैंक वित्तीय संस्थाहरु, नियामक निकायहरु र तालिम प्रदायक संस्थाहरुसंग सौहार्द सम्बन्ध रहेको छ । वित्तीय संस्थाभित्र सबै तहका कर्मचारीहरुमा पूर्ण सामञ्जस्यता कायम रहेको र निरन्तर एकै परिवार सरह अनुभूति हुने कार्यगत संस्कार रहेको छ।

(ख) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन :
यस वित्तीय संस्थाको सहायक कम्पनी रहेको छैन ।

(ग) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन :
यस वित्तीय संस्थाको सहायक कम्पनी रहेको छैन ।

(घ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सोबापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सोको विवरण :
वित्तीय संस्थाबाट कुनै किसिमका शेयरहरु जफत गर्ने कार्य भएको छैन ।

(ङ) विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :
यस वित्तीय संथाको ५ प्रतिशत वा सोभन्दा बढी शेयर ग्रहण गर्ने आधारभूत शेयरधनीका रुपमा स्वावलम्बन विकास केन्द्र, नबिल बैंक लि., नेपाल इन्भेष्टमेन्ट बैंक लि. र हिमालयन बैंक लि. रहेका छन्। ती संस्थाहरुबाट शेयरधनीको रुपमा गत आर्थिक वर्षमा छुट्टै विशेष जानकारी प्राप्त भएको छैन ।

(च) विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी:

विगत आ.ब. मा निम्न संचालक तथा पदाधिकारीहरुले देहाय बमोजिमको शेयर धारण गरेका छन् :

क्र.सं.	नाम, पद	शेयर स्वामित्व	
(क)	संचालकहरु	संस्थागत	व्यक्तिगत
१	श्री सुमित्रा मानन्धर गुरुङ्, संचालक	२५,४९,७६० कित्ता	५८,५३६ कित्ता
२	श्री विष्णु प्रसाद त्रिपाठी, संचालक		५५७ कित्ता
३	श्री सतिश राज जोशी, संचालक	१३,४४,२८७ कित्ता	
४	श्री राम प्रसाद पाण्डे, संचालक	-	३,२२४ कित्ता
५	श्री उमा जोशी बोहरा, संचालक	-	-
६	श्री सतीश कुमार श्रेष्ठ, संचालक	२५,४९,७६० कित्ता	७५,५६४
७	श्री मेख बहादुर थापा ठाडा, संचालक	१३,४९,०४७	
(ख)	पदाधिकारीहरु		
१.	श्री चन्द्रमणि चौलागाँई, का.मु.सहायक महाप्रबन्धक		३,९७९ कित्ता
२.	श्री राजन प्रसाद भट्टराई, विभागीय प्रबन्धक		२,८२३ कित्ता
३.	श्री महेन्द्र वन, विभागीय प्रबन्धक		२,२७९ कित्ता
४.	श्री मोहन प्रसाद भट्टराई, विभागीय प्रबन्धक		३,९४९ कित्ता
५.	श्री ज्ञानेन्द्र कुमार सिंह, बरिष्ठ प्रबन्धक		३,४९१ कित्ता

संस्थापक शेयरधनी संस्थाबाट प्रतिनिधित्व गर्नुहुने २ जना संचालकहरु श्री सुमित्रा मानन्धर गुरुङ र श्री सतिश कुमार श्रेष्ठले व्यक्तिगत रुपमा यस वित्तीय संस्थाको शेयर धारण गर्नुभएको छ। वित्तीय संस्थाका संचालक तथा पदाधिकारीहरुले वित्तीय संस्थाको साधारण सभाबाट पारित बोनस शेयर ग्रहण गर्ने बाहेक शेयर कारोबारमा अरु कुनै संलग्नता भएको जानकारी वित्तीय संस्थालाई छैन ।

(छ) विगत आर्थिक बर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा : **छैन ।**

(ज) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठीत संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :

यस वित्तीय संस्थासँग सम्बन्धित सम्झौताहरुमा यस कम्पनीका कुनै संचालक तथा निजको नजिकको नातेदारको कुनै व्यक्तिगत स्वार्थ रहेको जानकारी यस वित्तीय संस्थालाई छैन । वित्तीय संस्थाका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाबाट वित्तीय संस्थासँग कुनै कारोबार भएको छैन । तर संस्थापक शेयरधनी बैंकहरुसँग विपन्न वर्ग कर्जा लिई ब्याज भुक्तान गरिएको, संस्थापक शेयरधनी नविल बैंक लि.को सहायक कम्पनी नविल ईन्भेष्टमेण्ट बैंकिङ्ग लि.बाट शेयर रजिष्ट्रार सेवा लिइएको र स्वालम्बन विकास केन्द्रमा कर्मचारीहरुलाई तालिममा सहभागी गराउने र सो बापत लाग्ने खर्च भुक्तान गरिएको छ।

(झ) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरेबापत कम्पनीले भुक्तानी गरेको रकम : **आफ्नो कुनै शेयर आफूले खरिद गरेको छैन ।**

(ञ) कर्मचारी खर्च रु.६२,९६,१७,९३६।- र अन्य संचालन खर्च रु.१३,८१,२१,५००।- गरी कूल व्यवस्थापन खर्च रु.७६,७७,३९,४३६।- रहेको छ ।

(ट) कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिम कुनै सम्पत्ति खरिद वा बिक्री गरेको छैन ।

(ठ) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम, संचालकहरु र प्रमुख कार्यकारी अधिकृतलाई भुक्तानी भएको रकम :

संचालकहरुलाई बैठक भत्ता बापत जम्मा भुक्तान गरिएको रकम रु.१२,९५,०००।- रहेको छ ।

कार्यकारी प्रमुख (का.मु. प्रमुख कार्यकारी अधिकृत) श्री गोबिन्द चापागाईलाई पारिश्रमिकको रुपमा जम्मा भुक्तान गरिएको रकम रु.१५,३३,९२७- रहेको छ ।

क्र.सं.	विवरण	रकम रु.
१.	तलब	६,७१,४७७
२.	भत्ता	७,७४,०३४
३.	संचयकोष	६७,१४५
४.	घरभाडा	-
५.	बोनस	-
६.	दशैं खर्च	२१,३०२
७.	बिदा बापतको भुक्तानी	-
	जम्मा:	१५,३३,९२७

(ड) २०७९ आषाढ मसान्तसम्म शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांश रकम रु.५,६६,०८,१५६।- रहेको छ ।

(ढ) दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच भएको कारोबारको विवरण : **छैन ।**

(ण) यस ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुरा : **छैन ।**

(त) अन्य आवश्यक कुराहरु - **छैनन् ।**

तयारी मितिः इतिसम्वत् २०७९ साल माघ १६ गते सोमबार रोज शुभम् ।

S. R. PANDEY & Co.
Chartered Accountants

2nd Floor, House No. 2979/33
Nabil Galli, Maharajgunj
P. O. Box No. 2343
Kathmandu, Nepal

Tel.: 977-1-4720983
Fax: 977-1-4720983
e-mail: info@srp.com.np

स्वावलम्वन लघुवित्त वित्तीय संस्था लिमिटेडको
शेयरधनी महानुभावहरु समक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

वित्तीय विवरण उपर लेखापरीक्षण प्रतिवेदन

लेखापरीक्षकको मन्तव्य

हामी **स्वावलम्वन लघुवित्त वित्तीय संस्था लिमिटेड** (यस पछि "लघुवित्त" भनिएको) को यसै साथ संलग्न २०७९ अषाढ ३२ (ई.सं जुलाई १६, २०२२) को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु (यस पछि समग्रमा वित्तीय विवरणहरु भनिएको) को लेखापरीक्षणको लागि नियुक्त भएका थियौं ।

हाम्रो रायमा, संलग्न वित्तिय विवरणहरुले **स्वावलम्वन लघुवित्त वित्तीय संस्था लिमिटेडको** २०७९ आषाढ ३२ (ई.सं १६ जुलाई २०२२) गतेको वित्तीय स्थिति, सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाहको बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम यथार्थ चित्रण गर्दछ ।

मन्तव्यको आधार

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौं । ती मान बमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको "वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व" शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरीएको "द ह्याण्ड बुक अफ द कोड अफ इथिक्स् फोर प्रोफेसनल एकाउन्टेन्ट्स (The Handbook of the Code of Ethics for Professional Accountants) बमोजिम हामी कम्पनीसगँ स्वतन्त्र छौं र हामीले सो हयाण्डवुक बमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौं । हाम्रो लेखापरीक्षण प्रमाणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

अन्य मामिला

स्वावलम्वन लघुवित्त वित्तीय संस्था लिमिटेडले नेपाल राष्ट्र बैंकले लघुवित्त वित्तीय सस्थांहरुलाई जारी गरेको एकिकृत निर्देशन, कम्पनी ऐनको व्यवस्था तथा नेपाल वित्तिय विवरण प्रतिवेदनमान (एन.एफ.आर.एस) बमोजिम मिति २०७९/३/३२ (१६ जुलाई २०२२) को समानान्तर रुपमा छुट्टै वित्तिय विवरण तयार गरेकोमा सो उपर पनि हामीले मिति २०७९।०९।२७ मा स्वावलम्वन लघुवित्त वित्तीय संस्था लिमिटेडका शेयरधनीहरुलाई छुट्टै लेखापरीक्षण प्रतिवेदन पेश गरेका छौं ।

वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाहरुको उत्तरदायित्व

नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप यथार्थ र निष्पक्ष चित्रण गर्ने वित्तीय विवरणहरु तयारी एवम प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत रुपमा त्रुटीरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धि आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ ।

वित्तीय विवरण तयार गर्दा व्यवस्थापनलाई लघुवित्त विघटन गर्ने, सञ्चालन बन्द गर्ने वा सो बाहेक व्यवहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक, लघुवित्त निरन्तर सञ्चालन हुने क्षमताको मुल्याङ्कन गर्ने, आवश्यक बमोजिम खुलासा गर्ने र निरन्तर सञ्चालनमा आधारित लेखा नीति प्रयोग गरि वित्तीय विवरण तयार गर्ने जिम्मेवारी लघुवित्तको व्यवस्थापनमा रहेको छ ।

सञ्चालक समिति लघुवित्तको वित्तीय सम्प्रेषण प्रकियाको रेखदेखको लागी जिम्मेवार रहेको छ ।

पृष्ठ ३ मध्ये १

S. R. PANDEY & CO.
Chartered Accountants
Kathmandu

वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व

वित्तीय विवरणहरु सम्पूर्ण रुपमा चाहे जालसाजी वा गल्तीबाट होस् सारभूत रुपमा त्रूटीरहित छ वा छैन भन्नेबारे उचित आश्वस्त्ता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो । उचित आश्वस्तता एक उच्च स्तरीय आश्वस्तता भएतापनि सारभूत त्रुटीहरु विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमान अनुरुपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटीहरु सधैं पहिचान हुन्छ भन्ने आश्वस्तता रहँदैन । गलत प्रस्तुति, जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तुतिहरुले वित्तीय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग अलग वा समग्ररुपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गरिन्छ भने, उक्त गलत प्रस्तुतिलाई सारभुत रुपमा गलत प्रस्तुती भनिन्छ ।

नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षणको क्रममा हामी व्यावसायिक सन्देह कायम राखि पेशागत निर्णयको अभ्यास गर्दछौ । क्रमशः हामीले :

- वित्तीय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभूत गलत प्रस्तुतिहरुको जोखिम पहिचान तथा मुल्याङ्कन गरी ती जोखिमहरुको लागी प्रभावकारी लेखापरीक्षण प्रकियाहरु तर्जुमा गरी हाम्रो मन्तव्य प्रदान गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं । मिलिभगत, ठगी, जानाजानी चूक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणालीको मिचाई समावेश हुने भएकोले गल्तीहरु भन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तुतिहरुको पहिचान नलाग्ने जोखिम अधिक रहन्छ ।
- कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्बन्धि राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रकियाहरु तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासंगिक हुने कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौ ।
- व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको औचित्य, लेखा अनुमानको व्यावहारिकता तथा लेखा सम्बन्धि खुलासाहरुको मुल्याङ्कन गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरतामा आधारित लेखा नीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरुसगँ सम्बन्धित सारभूत अनिश्चितताको कारणले कम्पनिको व्यावसायिक निरन्तरताको क्षमतामा उल्लेख्य शङ्का उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निष्कर्ष निकालेमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्बन्धित खुलासा उपर ध्यानाकृष्ट गर्नुपर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ । तथापि भविष्यका घटना तथा अवस्थाहरुले कम्पनी अविच्छिन्न निकायको रुपमा नरहन सक्दछ ।

हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाहरुलाई अन्य विषयका अतिरिक्त, लेखापरीक्षण कार्ययोजना, समय तालिका र महत्वपूर्ण लेखापरीक्षण खोजहरु लगायत कम्पनीको आन्तरिक नियन्त्रण प्रणालिमा रहेको महत्वपूर्ण कमी कमजोरीहरुको जानकारी गराउँदछौं ।

शुशासनको जिम्मेवारी बहन गरेकाहरुलाई प्रासंगिक नैतिक आवश्यकताहरु पालना गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभाव पार्न सक्ने मानिएका सबै सम्बन्ध तथा अन्य कुराहरु साथै सो सम्बन्धि प्रतिरोध बारेमा समेत जानकारी गराउँदछौं ।

S.R. PANDEY & CO. Chartered Accountants Kathmandu

पृष्ठ ३ मध्ये २

अन्य कानूनी तथा नियामक निकायका आवश्यकता सम्बन्धि प्रतिवेदन

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सुचना तथा स्पष्टीकरणहरु सम्पूर्ण रुपमा पाएका छौं ।

(ख) यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वासलात, वासलात बाहिरको कारोबार, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायत वित्तिय विवरणहरु नेपाल राष्ट्र बैंकले तोकेको ढाँचा र तरिका अनुसार तयार गरिनुका साथै उक्त विवरण लघुवित्तले राखेको हिसाब किताब, वहीखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन् ।

(ग) नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार लघुवित्तले व्याज आम्दानी हिसाब नगद प्राप्तीको आधारमा लेखाङ्कन गरेको छ ।

(घ) लघुवित्तले श्रम ऐन, २०७४ बमोजिम उपदान सम्बन्धी व्यवस्थाको पूर्ण अनुपालना र अचल सम्पत्तिहरुको ह्रास कट्टीको दर आयकर ऐन २०५८ बमोजिम घट्दो ह्रास प्रणाली (Diminishing Balance Method) को आधारमा लेखांकन गरेको बाहेक हिसाब किताब ऐन बमोजिम ठीकसँग राखेको छ ।

(ङ) हामीले लघुवित्तको श्रेस्ता लेखा परीक्षणको समयमा लघुवित्तको संचालक समिति वा त्यसका सदस्य वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरित कुनै कार्य गरेको वा लघुवित्तको सम्पत्ति हिनामिना गरेको वा लघुवित्तको हानी नोक्सानी गरे गराएको लेखापरीक्षणमान नमुना परीक्षणको आधारमा गरिएको लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन ।

(च) लघुवित्तले गरेको कार्य आफ्नो कार्यक्षेत्र भित्र रहेको पाइयो ।

(छ) हाम्रो रायमा हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा लघुवित्तले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पर्याप्त पूंजीकोष राखेको तथा सम्पत्तिमा सम्भावित नोक्सानीको लागि पर्याप्त व्यवस्था गरेको छ।

(ज) लघुवित्तले आ.व. २०७८।०७९ मा कुनै कर्जा अपलेखन गरेको छैन ।

(झ) लघुवित्तले नेपाल राष्ट्र बैंकले दिएको निर्देशन अनुरुप कार्य गरेको छ ।

(ञ) लघुवित्तले लगानीकर्ताहरुको हित संरक्षण विरुद्ध कार्य गरेको देखिएन ।

(ट) लघुवित्तमा लेखा सम्वन्धी कुनै जालसाजी भएको, लेखापरीक्षणमान नमुना परीक्षणको आधारमा गरिएको लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन र

(ठ) लघुवित्तको शाखाहरुबाट प्राप्त विवरणहरुको स्वतन्त्र लेखापरीक्षण नगरिएको भएतापनि हाम्रो लेखापरीक्षणको लागि पर्याप्त थिए ।

निमित्त : एस्. आर. पाण्डे एण्ड को,
चार्टर्ड एकाउन्टेन्ट्स

सुदर्शन राज पाण्डे, एफ.सी.ए.
वरिष्ठ साझेदार

स्थान : काठमाडौं
मिति : २०७९/०९/२७
युडिन :**230112CA00031mFx5q**

S. R. PANDEY & CO. Chartered Accountants Kathmandu

पृष्ठ ३ मध्ये ३

स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड

२०७९ साल आषाढ मसान्तको

वासलात

पूँजी तथा दायित्व	अनुसूची	यस वर्ष रु.	गत वर्ष रु.
१. सेयर पूँजी	४.१	१,२९०,४९५,५००	१,१२२,१७०,०००
२. जगेडा तथा कोषहरु	४.२	१,६१९,०४०,९२१	१,५७८,९४४,६९३
३. ऋणपत्र तथा बन्ड	४.३	-	-
४. तिर्न बाँकी कर्जा सापट	४.४	५,४४८,२३८,२६२	४,५६७,६८३,९७८
५. निक्षेप दायित्व	४.५	११,९९०,५३३,४०१	१०,६२३,००३,०७१
६. प्रस्तावित नगद लाभांश		६७,९२०,८१६	५६,५८०,०००
७. आयकर दायित्व		-	-
८. अन्य दायित्व	४.६	१,४७३,४९२,९२०	१,०१५,२२९,१७३
कूल पूँजी तथा दायित्व		**२१,८८९,७२१,८१९**	**१८,९६३,६१०,९१५**

सम्पत्ति	अनुसूची	यस वर्ष रु.	गत वर्ष रु.
१. नगद मौज्दात (सिक्का समेत)		३,९२२,३०७	२३,१३६,८१३
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात		१००,५००,०००	९५,०००,०००
३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	४.७	१,२००,६१२,५७१	२४९,८९३,६८९
४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम	४.७	-	
५. लगानी	४.८	२,०००,०००	२,०००,०००
६. कर्जा सापट	४.९	१८,६५८,८१७,२१५	१७,३९२,५६५,७५८
७. स्थिर सम्पत्ति	४.१०	५०,५००,४७१	४७,६७९,०६५
८. गैर-बैंकिङ्ग सम्पत्ति	४.११	-	-
९. अन्य सम्पत्ति	४.१२	१,८७३,३६९,२५६	१,१५३,३३५,५९०
कूल सम्पत्ति		**२१,८८९,७२१,८१९**	**१८,९६३,६१०,९१५**

संभावित दायित्व	अनुसूची ४.१३	३,५०३,१४८
सञ्चालकहरूको घोषणा	अनुसूची ४.२३	
पूँजीकोष तालिका	अनुसूची ४.२४	
जोखिम भारित सम्पत्ति विवरण तालिका	अनुसुची ४.२४(क)	
प्रमुख सूचकाङ्कहरू	अनुसुची ४.२५	
प्रमुख लेखा नीतिहरू	अनुसुची ४.२६	
लेखा सम्बन्धी टिप्पणीहरु	अनुसुची ४.२७	

४.१ देखि ४.१३ सम्मका अनूसुचीहरु वासलातका अभिन्न अंग हून् ।

हाम्रो आजको मितिको संलग्न
प्रतिवेदन अनुसार

डा. सुमित्रा मानन्धर गुरुङ्ग
अध्यक्ष

श्री विष्णु प्रसाद त्रिपाठी
संचालक

श्री सतिश राज जोशी
संचालक

श्री सुदर्शन राज पाण्डे
लेखापरीक्षक
एम.आर.पाण्डे एण्ड कम्पनी,
चार्टर्ड एकाउण्टेण्टस

श्री राम प्रसाद पाण्डे
संचालक

श्री उमा जोशी बोहरा
संचालक

श्री सतिश कुमार श्रेष्ठ
संचालक

श्री मेख बहादुर थापा ठाडा
संचालक

श्री नगेन्द्र सिंह बिष्ट
प्रमुख कार्यकारी अधिकृत
मिति: २०७९।०९।२७

श्री महेन्द्र वन
वित्त तथा लेखा विभाग प्रमुख

स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड

मिति २०७८/४/१ देखि २०७९/०३/३२ सम्म

नाफा नोक्सान हिसाव

विवरण	अनुसूची	यस वर्ष रु.	गत वर्ष रु.
१. ब्याज आम्दानी	४.१४	२,८९४,३९७,७३६	२,४७४,७३८,०४१
२. ब्याज खर्च	४.१५	१,२३३,३७०,१७६	९७५,३०६,१५६
खुद ब्याज आम्दानी		**१,६६१,०२७,५६०**	**१,४९९,४३१,८८५**
४.कमिशन तथा अन्य सञ्चालन आम्दानी	४.१६	३२२,७८३,९७१	३८३,२४५,२७६
५ सटही घटवढ आम्दानी		-	-
कूल सञ्चालन आम्दानी		**१,९८३,८११,५३१**	**१,८८२,६७७,१६१**
६.कर्मचारी खर्च	४.१७	६२९,६१७,९३६	५८४,८४९,४२२
७. अन्य सञ्चालन खर्च	४.१८	१३८,१२१,५००	१०७,८९१,७४१
८. सटही घटवढ नोक्सान		-	-
